नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**मिति २०७६।०९।०७ मा प्रकाशित सूचनालाई परिमार्जन पुनः २०७६।०९।०९ मा प्रकाशित गरिएको**

सुरक्षित आप्रवासन परियोजना (सामी), नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। परियोजनाको लागि हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस परियोजना अन्तर्गत कपिलवस्तु जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा यस जिल्लाका कपिलवस्तु नगरपालिका, वाणगङ्गा नगरपालिका, शिवराज नगरपालिका र मायादेवी गाउँपालिकामा समुदायिक सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाललाई निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आह्वान गरिएको छ।

| विज्ञापन नं. र पद | कार्यक्षेत्र र पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|
| विज्ञापन नं.०१-०७६।०७७<br>आप्रवासी श्रोत केन्द्र सूचना तथा परामर्शकर्ता | आप्रवासी स्रोत केन्द्र, (संख्या २) | **न्युनतम शैक्षिक योग्यता तथा अनुभव :** न्युनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ।<br>**अनुभव** :परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलन चल्तिको स्थानिय भाषा जानेको, कम्प्युटर सफ्टवेयरहरु (MS word, Excel, Power point) चलाउन जानेको उम्मेदवारलाई प्राथमिकता दिईने छ। |
| विज्ञापन नं.०२-०७६।०७७<br>पदः मनोसामाजिक कार्यकर्ता | कपिलवस्तु नपा, (संख्या १)<br>बाणगंगा नपा (संख्या १)<br>शिवराज नपा (संख्या १)<br>मायादेवी गापा (संख्या १) | **न्युनतम शैक्षिक योग्यताः** न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ।<br>**अनुभवः** मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धि आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धि १ वर्षको अनुभव रहेको र सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिईने छ। २५ वर्ष भन्दा माथिको उमेर समुह भएका स्थानीय महिला उम्मेदवारलाई प्राथमिकता दिईने छ। |
| विज्ञापन नं.०३-०७६।०७७<br>पदः वित्तिय साक्षरता सहजकर्ता | कपिलवस्तु नपा (संख्या १)<br>बाणगंगा नपा (संख्या १)<br>शिवराज नपा (संख्या १)<br>मायादेवी गापा (संख्या १) | **न्युनतम शैक्षिक योग्यताः** न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ।<br>**अनुभवः** वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको सुरक्षित बैंदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइने छ। २५ वर्ष भन्दा माथिका उमेर समुह भएका स्थानीय महिला उम्मेदवारलाई प्राथमिकता दिईने छ। |
| विज्ञापन नं.०४-०७६।०७७<br>पदः रिटर्नी स्वयंसेवक | कपिलवस्तु नपा (संख्या ३)<br>बाणगंगा नपा (संख्या ३)<br>शिवराज नपा (संख्या ३)<br>मायादेवी गापा (संख्या ३) | **आवश्यक योग्यता तथा अनुभव :** न्यूनतम कक्षा ८ पास गरि बैदेशिक रोजगार (खाडि मुलुक वा मलेशियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको सम्बन्धित स्थानीय तहको उम्मेदवार (महिला) लाई प्राथमिकता दिईने छ। |

**कार्य अवधिः** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम : लिखित तथा मौखिक**
**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।
**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित कपिलवस्तु नगरपालिका, तौलिहवा, कपिलवस्तु वा इन्द्रणी ग्रामिण विकास केन्द्र, बुद्धभुमी २, कपिलवस्तुमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई मूल्यांकन प्रकियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया**
प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ । साथै सबै विज्ञापनका हकमा सम्बन्धित स्थानिय तहको उम्मेदवारलाई विशेष प्राथमिकता दिईने छ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६।०९।१७ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना**

**संयोजक**
**पदपुर्ति समिति**
इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल,
बुद्धभूमि-२, गोरुसिंगे कपिलवस्त
सम्पर्क नं.०७६-५४५०१३
irdcnepal@gmail.com

कपिलवस्तु नगरपालिका
वाणगङ्गा नगरपालिका
शिवराज नगरपालिका
मायादेवी गाउँपालिका

HELVETAS NEPAL
SaMi Safer Migration Project
Indreni Rural Development Centre Nepal
Buddhabhumi, Kapilvastu